मिति : २०७६ चैत्र २३ गते

श्री सचिव
राष्ट्रिय सभा

**राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६६ बमोजिम सुदृढ अर्थतन्त्र निमार्ण गर्न देहायको जरुरी सार्वजनिक महत्वको विषयमाथि छलफलका लागि यो सूचना दिएका छौं ।**

**<u>जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नु पर्ने कारण :</u>**

१. जनताको चाहना र आवश्यकतानुसार निर्मित हाम्रो संविधानले परिकल्पना गरेको राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नत बनाउँदै समाजवाद उन्मुख, आत्मनिर्भर समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य अनुरुप हाम्रो राष्ट्रिय अर्थतन्त्र अगाडी बढेको देखिदैन ।
२. केही वर्ष यतादेखि राष्ट्रिय अर्थतन्त्र गंभीर संकट तर्फ उन्मुख छ । अर्थतन्त्रका प्रमुख परिसूचकहरु कुल गार्हस्थ उत्पादन, शोधान्तर बचत, भुक्तानी सन्तुलन, उपभोग, बचत, लगानी, व्यापार लगायतका पक्षहरु सकारात्मक छैनन ।
३. राजस्वले चालु खर्च पनि धान्न नसक्ने अवस्था छ ।
४. जनताको क्रयशक्ति घट्दो छ ।
५. रेमिट्यान्सबाट खर्च धान्नुपर्ने बाध्यात्मक अवस्था छ ।
६. घरेलु, साना मध्यम लगायतका सबै खाले उद्यम, व्यवसायहरु संकट उन्मुख छन् ।
७. वित्तीय संस्थाहरु समस्याग्रस्त छन् । बैंकमा बचत गर्ने र ऋण दिने क्रम घट्दो छ । सहकारी, लघु वित्त संकटग्रस्त बन्दै छन । बैंकहरुले ब्याज दोब्बर बढाएका छन् । बैंक, सहकारी र वित्तीय संस्थाहरुको ब्याज तिर्न नसकेर व्यवसायीहरु मरणोसन्न अवस्थामा छन् ।
८. चर्को महंगीका कारण जनजिवन साह्रै कष्टकर छ ।
९. दिनहु सयौ विद्यार्थी र प्रतिभाहरु पलायन भईरहेका छन ।
१०. भ्रष्टाचारले मुलुक आक्रान्त छ ।

आर्थिक विषयसंग सम्वन्धित यी तमाम समस्या समाधानका लागि सरकारले तत्काल र दीर्घकालमा चाल्नु पर्ने कदम र अपनाउनु पर्ने आर्थिक रणनीतिका बारे छलफल गर्नकालागि यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका छौं ।

**जरुरी सार्वजनिक महत्वको प्रस्ताव :**

वर्तमान आर्थिक संकट समाधानका लागि विद्यमान बैंकिङ्ग प्रणालीमा आधारभुत फेरबदल गर्न, उद्यमशीलतामा आधारित वित्त तथा मौद्रिक नीति तर्जुमा गर्न, उत्पादन र रोजगारी प्रवर्द्धनमा लगानी बढाउनेगरी राष्ट्रिय ऋण नीति तर्जुमा गर्न, बैंक तथा वित्तीय संस्थाको ब्याजदर घटाई उद्योग व्यवसायलाई धरासायी हुन बाट जोगाउन, साना तथा मझ्यौला उद्योग प्रवर्द्धनको विशेष नीति बनाउन, धान, तेल, फलफुल, तरकारी, मासु, काठ आदिको आयातलाई निरुत्साहित गरी समाजवाद उन्मुख आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको विकास गर्नु आवश्यक छ । आत्मनिर्भर अर्थव्यवस्थाका लागि विशेष योजना तर्जुमा गर्न, सार्वजनिक यातायातका साधनलाई प्रोत्साहितगर्दै सवारी साधन र इन्धन आयातको परिणामलाई घटाउनेलगायतका अल्पकालिन, मध्यकालिन र दीर्घकालिन नीति र योजना निर्माण गरी तत्काल प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।

**सम्बन्धित मन्त्रालय : अर्थ मन्त्रालय**

| विवरण | नाम | हस्ताक्षर |
|---|---|---|
| प्रस्तावक | मदन कुमारी शाह (गरिमा) | |
| समर्थक | अनिता देवकोटा | |
| समर्थक | खिमलाल देवकोटा | |
| समर्थक | जयन्ती देवी राई | |
| समर्थक | जितेन्द्र नारायण देव | |
| समर्थक | तुल प्रसाद विश्वकर्मा | |
| समर्थक | दिल कुमारी रावल थापा (पार्वती) | |
| समर्थक | प्रमिला कुमारी | |
| समर्थक | डा. विमला राई पौडयाल | |
| समर्थक | शेखर कुमार सिंह | |
| समर्थक | सुरेश आले मगर | |